# तिलोत्तमा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### मणिग्राम, रूपन्देही, ५नं. प्रदेश, नेपाल
### (राजस्व शाखा)

# हाटबजार बैठकी करको सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७।०४।१४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ तथा तिलोत्तमा नगरपालिकाको आर्थिक ऐन २०७७ को दफा ७ बमोजिम यस नगरपालिका भित्र सञ्चालनमा रहेका विभिन्न हाटबजारमा आ.व.०७७।०७८ (०७७ भाद्र ७ गते देखी ०७७ असार मसान्त सम्मका) लागि बैठकी कर असुल गर्ने कार्यको ठेक्का वन्दोवस्त गर्नु परेकोले तपसिल बमोजिमका शर्तहरूको अधिनमा रही ईच्छुक व्यक्ति वा फर्मबाट गोप्य सिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ।

**शर्तहरू**

१ सिलबन्दि दरभाउपत्रको फाराम यो सूचना प्रकाशन भएको मितिले १५ दिनसम्म कार्यालय समय भित्र कार्यालयको राजस्व शाखाबाट रु.१०००। (फिर्ता नहुनेगरि) तिरि खरिद गर्न सकिनेछ। यसका लागि व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्म भए फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थाई लेखा नं प्रमाणपत्रको प्रतिलिपी र आ.व.०७५।०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरि निवेदन दिनुपर्नेछ

२ न्युनतम अंक देहाय बमोजिम हुनेछ। उक्त अंकमा मु.अ.कर समावेस गरिएको छैन। कबोल रकम र धरौटी रकम अंक र अक्षरं दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

३ सिलबन्दि दरभाउ पत्रसाथ आँफुले कबोल गरेको अंकको नेपाली नागरिक भए ५% ले हुने रकम र गैह नेपाली नागरिक भए १०% ले हुने रकम यस कार्यालयको एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको धरौटी खाता नं. A5CA549959952403 मा जम्मा गरेको सक्कलै भौचर वा ७५ दिनको म्याद भएको बैंक ग्यारेण्टि संलग्न गर्नुपर्नेछ।

४ पत्रिकामा सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२.०० वजेभित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराईसक्नु पर्नेछ। सोही दिनको २.०० बजे यसै कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा दरभाउपत्र खोलिने छ। प्रतिनिधि उपस्थित नभएमा नियमानुसार सोही समयमा खोल्न वाधा पर्नेछैन।

५ दरभाउ पत्र खरिद र दर्ता मितिका दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट खरिद तथा दर्ता गर्न सकिनेछ। कार्यालयबाट प्रमाणित नभएको, रीत नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिइनेछैन।

६ आँफुले कबोल रकम ठेक्का सम्झौताका बखत एकमुष्ठ रूपमा बुझाएमा १०% छुट दिन सकिनेछ। कबोल रकम किस्ताको रूपमा बुझाउन चाहेमा ५०% ले हुन आउने रकम ठेक्का सम्झौताका बखत र बांकी रकम २०७७ साल माघ मसान्त भित्र बुझाउनु पर्नेछ। बांकी रकमका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको ०७८ श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ।

७ न्युनतम अंकमा मु.अ.कर र अन्य करहरू समावेश गरिएको छैन। ठेक्का लिने पक्षले ठेक्का सम्झौताका बखत कबोल अंकको १.५%ले हुने अग्रिम आयकर वापतको रकम एकमुष्ठ रूपमा र हरेक किस्ता रकम बुझाउँदा १३% ले हुने मू.अ.कर वापतको रकम आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्नेछ। बैठकी करको दररेट नगरपालिकाले दरभाउपत्र साथ उपलब्ध गराउनेछ। कर संकलन गर्दा उक्त दरमा १३%ले थप गरि संकलन गर्नुपर्नेछ।

८ ठेक्का अवधि ०७७ भाद्र ७ गते देखि ०७८ आषाढ मसान्त सम्म हुनेछ। तर सम्झौताका शर्त उल्लंघन भएमा कार्यलयले विचैमा ठेक्का तोड्न पनि सक्नेछ। यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाईने छैन। सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

९ कोरोना महामारीको जोखिम बढ्न गएको अवस्थामा सरकारले जोखिम न्युनिकरणका लागि हाटबजारको सञ्चालन बन्द गर्न गराउन निर्णय वा निर्देशन गरेमा सोको पालना गर्नुपर्नेछ। यसबाट हुनजाने क्षतिपुर्तिको विषयमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ। तर बन्द, हडताल जस्ता कारणले राजस्व असुली कार्यमा बाधा उत्पन्न भएमा कार्यालयले क्षतिपुर्ति दिन बाध्य हुने छैन।

१० आयातित हरियो तरकारीलाई स्थानीय उत्पादनले विस्थापन गर्ने यस नगरपालिकाको नीति रहेकोले ठेकेदारले हाटबजारमा त्यस्ता तरकारी बेंच्न नदिने व्यवस्था मिलाउनुपर्नेछ। तिलोत्तमा नगरपालिका खुला पोलिथिन मुक्त नगरपालिका घोषणा भईसकेको हुँदा हाटबजारमा पनि पोलिथिन झोला प्रयोग गर्न पाईनेछैन। साथै हाटबजारका हरेक बिक्रेताले आफ्नो फोहर आफ्नै झोला वा बोरामा संकलन गरि बैठकी सफा राख्नुपर्नेछ। यसरी संकलन भएको फोहरमैलाको उचित व्यवस्थापन ठेकेदार स्यमंले गर्नुपर्नेछ।

११ हाटबजारमा रहेको खानेपानीको महशुल मर्मत तथा व्यवस्थापन, विद्युत मर्मत, समग्र बजारको सरसफाई तथा शौचालय मर्मत तथा व्यवस्थापन ठेकेदार आफैले गर्नुपर्ने छ। छुट्टै अनुमति नलिई बजारमा राखिने सवारी साधनमा पार्किङ शुल्क उठाउन पाईने छैन। साथै बैठकी करको दररेट सबैले देख्नेगरी ठेकेदारले होडिङबोर्ड तयार गरी हाटबजार स्थलमा राख्नुपर्नेछ।

१२ ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ। थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र आर्थिक प्रशासन शाखा तथा राजस्वं शाखामा सम्पर्क राख्न सकिनेछ।

१३ यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरू प्रचलित कानून वमोजिम हुनेछ।

**तपसिल**

| ठेक्का नं. | शिर्षक | न्युनतम अंक मू.अ.कर बाहेक |
|---|---|---|
| आय-१।०७६।०७७ | ड्राइभरटोल हाटबजार (शुक्रबार र मंगलबार) | १४०३५००.०० |
| आय-२।०७६।०७७ | योगीकुटी हाटबजार (सोमबार, बिहीबार) | ९३९०००.०० |
| आय-३।०७६।०७७ | सिमानगर हाटबजार (शनिवार, बुधवार) | ३६२२००.०० |
| आय-४।०७६।०७७ | मणिग्राम हाटबजार (आईतबार, बिहीबार) | ८.१३७००.०० |
| आय-५।०७६।०७७ | सेमरा हाटबजार (सोमबार, विहिवार) | ६३४९००.०० |
| आय-६।०७६।०७७ | भलवारी हाटबजार (बुधवार) | ४८३९००.०० |
| आय-७।०७६।०७७ | कान्छिबजार हाटबजार (शुक्रबार र मंगलबार) | ३०५५५०.०० |
| आय-८।०७६।०७७ | रामनगर हाटबजार (शनिवार) | २४८००.०० |
| आय-९।०७६।०७७ | शिवपुर हाटबजार (शुक्रवार) | ५७५००.०० |
| आय-१०।०७६।०७७ | भुल्का हाटबजार (विहिवार) | २४८००.०० |
| आय-११।०७६।०७७ | ९नं. हाटबजार (बुधवार, आईतवार) | १४४६००.०० |
| आय-१२।०७६।०७७ | वनकट्टी हाटबजार (सोमवार, विहिवार) | १८८७००.०० |
| आय-१३।०७६।०७७ | कोटीहवा हाटबजार (शनिवार) | ५३२२००.०० |